# स्थानीय राजपत्र

बोगटान फुड्सिल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-: ४ संख्या-: १८ मिति-: २०७८/१०/०९


## भाग–२

# अध्यक्षसंग युवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

प्रस्तावना : रोजगारीको अभावका कारण गाउँपालिकाका युवाहरु पेट पाल्नकै लागि भारत लगायत तेश्रो मुलुकमा जानु पर्ने वाध्यता रहेको छ । युवाहरु स्वदेशमै रोजगारी गर्न चाहान्छन् । देशभित्र रोजगारी सिर्जना हुन नसकेको र स्वरोजगार हुनका लागि युवाहरुसंग लगानी नभएको अवस्था छ । त्यसैमाथी (कोभिड-१९) महामारीबाट विशेष परिस्थिति सिर्जना भई तमाम युवाहरु वेरोजगार भएका छन भने रोजगारीका लागि विदेश गएका युवाहरु बिचमै काम छोडेर बाध्यतावस स्वदेश फिर्ता भई वेरोजगार बसेका छन् । व्यवसाय सम्बन्धि ज्ञान सीप भएका युवाहरु रोजगारीका लागि भौतारीरहेका छन । कृषि क्षेत्रमा व्यावसायिक तरकारी खेती, व्यवसायिक च्याउ खेती गर्न चाहने युवाहरुको लागि व्यवसाय सञ्चालन गर्न अनुदान प्रदान गर्ने लक्षका साथ युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न वान्छनीय भएकोले बोगटान फुड्सिल गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ को दफा ३८ ले दिएको अधिकार प्रयोग गरी गाउँकार्यपालिकाले यो अध्यक्षसंग युवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ (१) यो कार्यविधिको नाम : “अध्यक्षसंग युवा कार्यक्रम सञ्चालन कार्यविधि २०७८” रहेको छ ।
(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२.परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,
(क) “कार्यविधि” भन्नाले “अध्यक्षसंग युवा कार्यक्रम सञ्चालन कार्यविधि २०७८” सम्झनु पर्दछ ।
(ख) “गाउँपालिका” भन्नाले बोगटान फुड्सिल गाउँपालिका सम्झनु पर्दछ र गाउँकार्यपालिका भन्नाले बोगटान फुड्सिल गाउँकार्यपलिका सम्झनु पर्दछ ।
(ग) “कार्यक्रम छनौट समिति” भन्नाले यस कार्यबिधिको दफा ११ बमोजिम गठित कार्यक्रम छनौट समिति सम्झनु पर्दछ ।
(घ) “कृषि विकास शाखा” भन्नाले बोगटान फुड्सिल गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्दछ ।
(ङ) “युवा” भन्नाले १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका उमेरका महिला, पुरुष सम्झनु पर्दछ ।
(च) “कार्यक्रम” भन्नले बोगटान फुड्सिल गाउँपालिकाबाट स्वीकृत युवा लक्षित स्वरोजगार कार्यक्रम लाई सम्झनु पर्दछ ।
(छ) “अनुदान” भन्नाले युवा स्वरोजगार कार्यक्रम अन्तर्गत कृषि तथा पशु व्यवसायका लागि प्रोत्साहन स्वरुप प्रदान गरिने रकम वा सामाग्रीलाई सम्झनु पर्दछ ।
(ज) “अनुदानग्राही” भन्नाले युवा स्वरोजगार कार्यक्रममा छनौट भएका युवा कृषकलाई सम्झनु पर्दछ ।
(झ) “आवेदक” भन्नले युवा स्वरोजगार कार्यक्रम लागि आवेदन दिएका युवा कृषकलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## कार्यक्रमको उद्देश्य

३. यस कार्यविधि बमोजिम कार्यक्रमका उद्देश्यहरु देहाय अनुसार हुनेछन ।
(१) बोगटान फुड्सिल गाउँपालिकाभित्र कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।
(२) बोगटान फुड्सिल गाउँपालिकाका जनतालाई खाद्य संकटबाट जोगाउने ।
(३) युवाहरुका लागि रोजगारीको अवसर सृजना गरी कृषकको आयस्तर बृद्धि गर्ने ।

## परिच्छेद ३
## कार्यक्रम सञ्चालन प्रकृया

४. व्यवसायिक तरकारी खेती वा पशु पालन गर्ने : बेरोजगार युवाहरुले कृषि क्षेत्रमा स्वरोजगारी सृजना गरि आयस्तर बृद्धि गर्नका लागि आफ्नै जमिन वा आफ्ना नातेदार बावु, आमा, दाई, भाईको जमिन वा जग्गा करारमा लिई व्यवसायिक तरकारी खेती वा पशु पालन गर्नु पर्ने छ ।

५. सूचना प्रवाह र आवेदन संकलन : सूचना प्रवाह र आवेदन संकलन देहाय अनुसार हुनेछ :
(१) अध्यक्षसंग युवा कार्यक्रममा सहभागि हुन बोगटान फुड्सिल गाउँपालिकाको कृषि विकास शाखाले तोकेको म्याद दिई नियमानुसार प्रक्रिया पुऱ्याई अनुसूची-१ अनुसारको ढाँचामा

सूचना प्रकाशन गरी आवेदन आव्हान गर्ने छ। यस्तो प्रस्ताव सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि स्थानीय पत्रपत्रिकाबाट प्रकाशन गर्नु पर्नेछ।

(२) सहभागि हुन चाहने युवाहरुले बोगटान फुड्सिल गाउँपालिका कृषि विकास शाखाले जारी गरेको सूचना बमोजिम निर्दिष्ट गरेको अनुसूची-२ अनुसारको ढाँचामा आफूले गर्न चाहेको व्यवसायको विषयमा आवेदन पेश गर्नु पर्नेछ।

(३) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रममा सहभागि हुन चाहने कृषकहरुले बोगटान फुड्सिल गाउँपालिका कृषि विकास शाखा आवश्यक कागजात संलग्न गरि आवेदन दिनु पर्नेछ।

(४) आवश्यक कागजतहरु

१. जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी।

२. नागरिकता प्रमाण पत्रको प्रतिलिपी।

३. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

४.यदि जग्गा भाडामा लिई व्यवसाय सञ्चालन गर्ने भए सो को सम्झौता पत्र आफ्नै अंशियार भए नाता खुल्ने प्रमाणको प्रतिलिपी

५. अनुसूची-३ अनुसारको व्यवसायिक योजना।

६. प्रोत्साहन अनुदानग्राही छनौट र प्रोत्साहन प्रवाह गर्ने विधि : अध्यक्षसंग युवा कार्यक्रम प्रोत्साहनग्राही र प्रोत्साहन गर्ने विधि देहाय बमोजिम हुनेछ :

(१) अध्यक्षसंग युवा कार्यक्रममा सहभागि हुनका लागि आवेदन दिने आवेदकहरुलाई बोगटान फुड्सिल गाउँपालिकास्तरीय कृषि विकास समितिले अध्ययन गरि मूल्याङ्कन पश्चात अनुदान सहयोग गर्न सक्नेछ।

(२) छनौट प्रकृया : बोगटान फुड्सिल गाउँपालिकाको कृषि विकास शाखा मार्फत संकलन भएका आवेदन उपर कृषि विकास समितिले छनौटको लागि कारवाही अगाडी बढाउन सक्नेछ। आवश्यक परेका कृषि विकास समितिले प्रस्ताव माथि अध्ययन गर्न स्थलगत निरीक्षण गर्न सक्नेछ। छनौट गर्ने सूचक अनुसूची-४ बमोजिम रहने छ।

७. कार्यक्रमको स्वीकृति : कृषि विकास समितिबाट सिफारिस भएका प्रस्ताव उपर कार्यपालिकाले अध्ययन गरी स्वीकृत गर्नु पर्नेछ।

८. कार्यक्रमको सम्झौता : कृषि विकास समितिबाट छनौट भएमा कृषि विकास शाखा मार्फत गाउँ कार्यपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत र अनुदानग्राही बिच अनुसूची-५ बमोजिमको सम्झौता पत्रमा सम्झौता गरिने छ।

९. कार्यक्रम संचालन : सम्झौता पत्रमा दुवै पक्ष विच सम्झौता भए पश्चातमात्र कार्यक्रम संचालन गर्न सकिने छ।

## परिच्छेद् ४
## छनौट समिति र अनुगमन सम्वन्धी व्यवस्था

१०. कार्यक्रम छनौट समिति : अध्यक्षसंग युवा कार्यक्रम सञ्चालनका लागि देहायको कार्यक्रम छनौट समिति रहनेछ :

(१) गाउँपालिकाको अध्यक्ष : संयोजक

(२) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

(३) गाउँकार्यपालिकाका सदस्यमध्ये कार्यपालिकाले नियुक्त गरेका कम्तीमा एक जना महिला सहित दुई जना : सदस्य

(४) गाउँपालिका कृषि विकास शाखाको प्रमुख : सदस्य सचिव

११. कार्यक्रमको अनुगमन, निरीक्षण : कार्यक्रम संचालन भएको क्षेत्रमा कार्यक्रमको अनुगमन निरीक्षण गाउँपालिकाको सुपरीवेक्षण तथा अनुगमन समिति, कृषि विकास सिमिति, कृषि विकास शाखाले नियमित रुपमा गरि कार्यक्रम संचालन गर्न सहजिकरण गर्नु पर्नेछ ।

## परिच्छेद् ५
## अनुदान रकम र भुक्तानी प्रक्रिया

१२. अनुदान रकम : अनुदानग्राहीले पेश गरेको व्यवसायिक योजनाका आधारमा छनौट समितिले अनुदान रकम निर्धारण गर्नेछ । यसरी अनुदान रकम निर्धारण गर्दा ५० हजार रुपैयाँ भन्दा बढी बढी नहुने गरि निर्धारण गर्नु पर्ने छ ।

१३. भुक्तानी प्रकृया : कार्य सम्पन्न भए पश्चात सम्बन्धित शाखाहरुको सिफारिसमा विल भर्पाई, कार्यक्रमको फोटो संलग्न राखी भुक्तानीको लागि निवेदन दिनु पर्नेछ । विल भर्पाई रुजु भई पास भएपछि अनुदानग्राहीको बैङ्क खातामा वा कुनै फर्मबाट सामाग्री आपुर्ति भएमा आपुर्ति कर्ताको बैङ्क खातामा भुक्तानी रकम जम्मा गरिनेछ ।

## परिच्छेद् ६
## बिबिध

१४. बाधा अडकाउ फुकाउ : यस कार्यबिधिको कार्यान्वयनका क्रममा कुनै अस्पष्टता वा बाधा आई परेमा गाउँकार्यपालिकाको बैठकले बाधा अड्काउ फुकाउने छ ।

१५. संसोधन : यस कार्यबिधिमा कुनै संसोधन वा थपघट गर्नु परेमा गाउँ कार्यपालिकाको बैठकले गर्न सक्नेछ ।

१६. निस्कृयता : यस कार्यबिधिमा उल्लेख भएका प्रावधानहरु गाउँपालिकाले बनाएका ऐन र प्रचलित कानूनसंग बाँझिन गएमा बाँझिएको हदसम्म निस्कृय हुनेछन् ।

अनुसूची-१
दफा ५ को उपदफा (१) सँग सम्बन्धित

मिति :......

सूचना । सूचना ॥ सूचना ॥।

यस बोगटान फुड्सिल गाउँपालिका, कृषि विकास शाखाको आ.वा. .................. को स्वीकृत वार्षिक कार्यक्रम अनुसार अध्यक्षसंग युवा कार्यक्रम अन्तर्गत व्यवसायिक कृषि तथा पशुपालन कार्यक्रम संचालन गरिने भएको हुंदा तपसिल बमोजिमको मापदण्डमा परेका ईच्छुक कृषकहरुका लागि सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र दरखास्त दिन हुन यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगको तथा म्याद नाघि पर्न आएको निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा जानकारी गराईन्छ ।

तपसिल :

१. आवेदक युवा १८ बर्ष पुरा गरि ४० बर्ष ननाघेको हुनु पर्नेछ ।
२. कृषि व्यवसायमा ज्ञान भएको हुनु पर्नेछ ।
३. महामारी, प्राकृतिक बिपत्ति वा अन्य बिविध कारणले रोजगारी गुमाएको हुनु पर्नेछ ।
४. आवेदकको सगोलको परिवारको कुनै पनि सदस्य जनप्रतिनिधि वा सरकारी कर्मचारी नभएको हुनु पर्नेछ ।
५. निवेदनको ढाँचा र व्यवसायिक योजनाको ढाँचा यस शाखाबाट प्राप्त गर्न सकिनेछ ।

उपलव्ध गराईने अनुदान सहयोग

| क्र.स. | बिवरण | संख्या | प्रतिव्यक्ति अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

कृषि विकास शाखा

अनुसूची-२
दफा ५ को उपदफा (२) सँग सम्बन्धित
लागि निवेदनको निवेदनको ढाँचा

श्रीमान शाखा प्रमुख ज्यू
बोगटान फुड्सिल गाउँपालिका,
कृषि विकास शाखा
डोटी ।

विषय : अध्यक्षसंग युवा कार्यक्रममा सहभागि गराई दिन हुन ।

प्रस्तुत विषयमा बोगटान फुड्सिल गाउँपालिका.......नं. वडा......
टोलमा बस्ने वर्ष.....को म ........................... ले कृषिसंग सम्वन्धित ................ व्यवसाय गर्ने ईच्छा गरेकोले आ.व. ............ मा यस शाखाबाट संचालन गरिने अध्यक्षसंग युवा कार्यक्रममा सहभागि गराई अनुदान उपलब्ध गराई दिन हुन यो निवेदन पेश गरेको छु ।

निवेदनको साथ संलग्न कागजातहरु

१. जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी ।
२. नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
३. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
४.यदि जग्गा भाडामा लिई व्यवसाय सञ्चालन गर्ने भए सो को सम्झौता पत्र आफ्नै अंशियार भए नाता खुल्ने प्रमाणको प्रतिलिपी
५. अनुसूची-३ अनुसारको व्यवसायिक योजना ।

निवेदक
नाम : ............
ठेगाना : ............
दस्तखत :............
मो.नं..................

अनुसूची ३
दफा ५ को उपदफा (४) सँग सम्बन्धित
व्यावसायिक योजनाको ढाँचा

**१. आवेदक र सम्पर्क व्यक्ति सम्वन्धि बिवरण**

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| व्यवसायिक फर्म दर्ता भएको मिति (यदि भए) | |
| स्थानीय लेखा नं. (यदि भए) | |
| सञ्चालन गर्न चाहेको व्यवसाय | |
| व्यवसाय सञ्चालन गर्ने स्थान | |
| व्यवसायको मुख्य उद्देश्य (बुँदागत) | |
| व्यवसाय सञ्चालन गर्न चाहने व्यक्तिको व्यवसायप्रतिको अनुभव (केही प्रमाण भए सो को प्रतिलिपी समेत पेश गर्ने) | |
| मोवाईल नं. | |
| व्यवसायको अनुमानित कुल खर्च (कुल लागतको कम्तीमा २५% व्यवसायीको लगानी हुनु पर्नेछ) | |
| माग गरेको कुल अनुदान रकम (५० हजार नवढ्ने गरि) | |

**२. अपेक्षित उपलव्धीहरु र बार्षिक उत्पादन बिवरण (बुँदागत रुपमा)**

**३. व्यवसायका मुख्य मुख्य क्रियाकलापहरु**

( जस्तै कृषि यन्त्र, उपकरणहरु बाखा खोर भवन तारवार, पानी व्यवस्थापन आदि संरचना निर्माण तथा पशु बस्तु खरिद पूर्व सञ्चालन खर्च आदि)

| क्र.स. | क्रियाकलापको बिवरण | इकाई | परिमाण | दर | जम्मा खर्च |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**४. लागत साझेदारी**

लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरु र माग गरेका अनुदान रकमको बिवरण

| क्र.स. | बिवरण | जम्मा खर्च | व्यवसाय सञ्चालक व्यक्तिको लागत रकम | अध्यक्षसंग युवा कार्यक्रमको अनुदान |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|

अनुसूची-४

दफा ६ को उपदफा (२) सँग सम्बन्धित

अध्यक्षसंग युवा कार्यक्रम प्रस्ताव छनौट गर्ने सूचकहरु

१. प्रस्ताव पेश गर्नेको नाम :
२. ठेगाना :
३. व्यवसायको प्रकार :
४. सूचकहरु

| क्र.स. | सूचकहरु | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | व्यवसायको प्रकार | २० | |
| २. | व्यवसायबाट हुने उपलव्धी तथा प्रतिफल | २० | |
| ३. | व्यवसायमा नयाँपनको अवस्था | २० | |
| ४. | कागजात प्रमाणहरु | २० | |
| ५. | व्यवसायिक अनुभव | २० | |

मुल्याङ्कनकर्ता
नाम :
पद :
हस्ताक्षर :
मिति :

अनुसूची- ५
(दफा ९ सँग सम्बन्धित)
सम्झौता पत्रको ढाँचा

बोगटान फुड्सिल गाउँपालिका, कृषि विकास शाखा, डोटीको अध्यक्षसंग युवा कार्यक्रम अन्तरगत ( यसपछि प्रथम पक्ष भनिने) बाट छनौट भएका बोगटान फुड्सिल गाउँपालिका वडा नं...... युवा व्यवसायी श्री...................... (यसपछि दोश्रो पक्ष भनिने) वीच देहायका शर्तहरुको अधिनमा कार्यान्वयन हुने गरी यो सम्झौता गरिएको छ ।

१. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिने छ ।

२. दोश्रो पक्षले सम्झौता भएको मितिले ७ दिनभित्र कार्य शुरु गर्नु पर्नेछ । कार्यक्रम सञ्चालन गर्दा लागत ईष्टिमेट अनुसार गर्नुपर्नेछ । व्यवसायिक योजनामा कम्तीमा कम्तीमा २५% रकम दोस्रो पक्षको लगानी हुनु पर्ने छ ।

३. दोस्रो पक्षले व्यवसायिक योजनामा उल्लेखित कार्य संचालन गर्नु पर्नेछ ।

४. प्रथम पक्षले दोश्रो पक्षको बैंक खाता मार्फत कार्य सम्पन्न भैसकेपछि सम्बन्धित प्राविधिकबाट कामको मुल्याङ्कनको आधारमा रकम भुक्तानी गराईनेछ ।

५. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमो प्रचलित ऐन नियम अनुसार हुनेछ ।

६. दोस्रो पक्षले मिति.................... भित्र कार्य सम्पन्न गरी भुक्तानीको लागि प्रथम पक्ष समक्ष निवेदन दिई सक्नु पर्ने छ ।

७. यस योजनाको लागत साझेदारी देहाय वमोजिम हुनेछ :
क) कुल लागत रकम रु.............. (अक्षेरुपी...............मात्र)
ख) प्रथम पक्षले व्यहोर्ने रकम रु ........(अक्षेरुपी ............मात्र)
घ) दोश्रो पक्षले व्यहोर्नु पर्ने रकम ...... (अक्षेरुपी ................मात्र)

| दोस्रो पक्षको तर्फवाट | प्रथम पक्षको तर्फवाट |
| --- | --- |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| | छाप |

आयोजनाको नाम ठेगाना : ........................ ..... ।

साक्षी
दस्तख :
नाम :
पद :
मिति :